# PEARLS तथा MCI विधिबाट सहकारी  संस्थाको कार्यसम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

प्रस्तावनाः लुम्बिनी प्रदेश ऐरावती गाउँपालिकामा सहकारी सिद्धान्त, मूल्य,मान्यता अनुरुप गाउँपालिका भित्रका कृषक,कालिगड,श्रमिक,न्यून आय भएका समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी,प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकिकृत गर्दै शेयर सदस्यहरुको आर्थिक,सामाजिक तथा साँस्कृतिक उन्नयन र रोजगारी प्रदान गर्ने क्षेत्रमा सहकारी संघ संस्थाहरुले सञ्चालन गरेका वित्तीय तथा गैर वित्तीय कार्यहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरी सबल पक्षलाई निरन्तरता दिंदै सुधार गर्नुपर्ने विषयमा सुझाव प्रदान गरी कार्यसम्पादनमा सक्षमता ल्याउन वाञ्छनीय भएकोले ऐरावती गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले  यो कार्यविधि बनाई गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "एमसीआई" (MCI) भन्नाले Member (सदस्यता) Centered (केन्द्रियता) Index (सूचाङ्ङ्क) सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले सहकारी संस्थाको PEARLS तथा MCI विधिबाट कार्य सम्पादन मूल्याङ्कन तथा प्रकाशन कार्यक्रम सम्झनुपर्छ।

(ग) "नियामक निकाय" भन्नाले प्रचलित कानुन बमोजिम सहकारी संस्थाको नियमन गर्ने अधिकार प्राप्त  सहकारी दर्ता अधिकारीको कार्यालयलाई सम्झनुपर्छ।

(घ) "पल्स" (PEARLS) भन्नाले Protection (सुरक्षण), Effective financial structure (प्रभावकारी वित्तीय संरचना), Assets quality (सम्पतिको गुणस्तर), Rate of return (आम्दानी र खर्चको प्रतिफल दर), Liquidity (तरलता), Sign of Growth (वृद्धिको संकेत) सम्झनुपर्छ ।

(ङ)  "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी कानून बमोजिम गठन भई सम्बन्धित कार्यक्षेत्रमा  दर्ता भएको सहकारी संस्था लाई सम्झनुपर्छ।

२०८२।१२।१९

(च) "विनियम" भन्नाले सम्बन्धित सहकारी संघ संस्थाको विनियम सम्झनुपर्छ।

## परिच्छेद-२

## कार्यक्रमको क्रियाकलाप, मापदण्ड र खर्च सीमा

३. कार्यक्रमको क्रियाकलापहरु, मापदण्ड र खर्च सीमा देहाय बमोजिम हुनेछन:-

| क्र.स | कार्यक्रम | क्रियाकलाप | मापदण्ड तथा सुचक | खर्च गर्ने क्रियाकलाप |
|---|---|---|---|---|
| १ | सहकारी संस्थाको PEARLS तथा MCI विधिबाट कार्य सम्पादन मुल्याङ्कन र प्रकाशन | • कार्य सम्पादन मूल्याङ्कन गर्ने सूचक अङ्क निर्धारण गरिएको पुस्तिका छपाइ गर्ने<br>•कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी अभिमूखीकरण/तालिम प्रदान<br>•नियमन क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने,<br>• सहकारी संस्थाको कार्य सम्पादन मूल्याङ्कन सहितको वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, | • सहकारी संस्थाको मुल्याङ्कन अनुसूची-१ बमोजिम सूचकका आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने। | • दैनिक भ्रमणभत्ता तथा यातायात खर्च<br>• प्रकाशन<br>• बैठक भत्ता<br>• बैठक व्यवस्थापन |

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

४. निर्देशक समितिः (१) PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्य सम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रमलाई व्यवस्थित गरी आवश्यक नीतिगत निर्णय तथा निर्देशनका लागि देहाय बमोजिम निर्देशक समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष , संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष , सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, सदस्य-सचिव

(२) निर्देशक समितिले आवश्यकतानुसार सहकारी क्षेत्रका विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) प्रमुख प्रशासकीय अधिकृलाई सहकारीहरुको कार्य सम्पादन मुल्याङ्कनका लागि जिम्मेवारी प्रदान गर्ने,

(ग) सहकारी संस्थाको कार्य सम्पादन मूल्याङ्कन सहितको वार्षिक प्रतिवेदन छलफल गरि कार्यपालिकामा पेश गर्ने

(घ) कार्यक्रम व्यवस्थापन समितिलाई आवश्यक निर्देशन प्रदान गर्ने ।

५. कार्यक्रम व्यवस्थापन समितिः (१) PEARLS तथा MCI विधिबाट सहकारी संस्थाहरुको कार्यसम्पादन मूल्याङ्कन र प्रकाशन कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) प्रमुख, प्रशासन शाखा सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, सदस्य

(घ) प्रमुख, सहकारी हेर्ने शाखा, सदस्य-सचिव

(२) समितिले सहकारी सम्बन्धी विषयको विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिका काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाहरुको बार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि सहकारीहरुको सूची तयार गर्ने

(ख) सूचीमा रहेका सहकारी संस्थाहरुको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धी अभिमूखीकरण/तालिम गर्नका लागि सहजीकरण गर्ने,

(ग)सहकारी संस्थाको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नका लागि आवश्यक पदाधिकारी/कर्मचारीको विवरण तयार गर्ने,

(घ) कार्यक्रम सम्बन्धमा बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउनको लागि निर्देशक समिति समक्ष पेश गर्ने।

६. कार्यक्रम मूल्याङ्कन समितिः (१) PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्य सम्पादन मूल्याकंन र प्रकाशन कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) गाउँपालिका उपाध्यक्ष, संयोजक

(क) प्रमुख, प्रशासकीय अधिकृत, सदस्य

(ख) अधिकृत योजना अनुगमन तथा मुल्याङ्कन शाखा वा प्रमुख, प्रशासन शाखा, सदस्य

(ग) प्रमुख, सहकारी शाखा, सदस्य-सचिव

(२) मूल्याङ्कन समितिले आवश्यकतानुसार कुनै सहकारी क्षेत्रको विज्ञ, कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) PEARLS तथा MCI सम्बन्धी अभिमूखीकरण/तालिम प्रदान गर्न सहकारी प्रशिक्षालयसँग समन्वय गर्नसक्ने,

(ख) सहकारी संस्थाको कार्य सम्पादन मूल्याङ्कन सहितको वार्षिक प्रतिवेदन तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने ,

(ग) कार्यक्रम व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

**परिच्छेद ४**

**सहकारीको मूल्याङ्कन, मूल्याङ्कनकर्ता र सहकारी संस्थाहरुको वर्गीकरण सम्बन्धी व्यवस्था**

**७. सहकारी संस्थाको मूल्याङ्कन र मूल्याङ्कनकर्ता :** (१) गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्थाको बार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्न कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मूल्याङ्कनकर्ताको रुपमा परिचालन गरिनेछ ।

(३) सहकारी संस्थाको मुल्याङ्कन गर्न आवश्यकता अनुसार प्रदेश सहकारी विकास वोर्डका पदाधिकारीहरुलाई खटाउन सकिनेछ ।

(४) मूल्याङ्कन गरिने सहकारी संस्थाहरुको सुचिमा रहेका सहकारिहरुलाई कम्तिमा एक पटक PEARLS तथा MCI सम्बन्धी अभिमूखीकरण/तालिम प्रदान गरिनेछ ।

(५) मूल्याङ्कनकर्तालाई मूल्याङ्कन गर्ने सहकारी संस्थाको सूची गाउँपालिकाले प्रदान गर्नेछ ।

(६) मूल्याङ्कनकर्ताले सहकारी संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र अन्य उप-समितिका पदाधिकारी तथा व्यवस्थापकको उपस्थितिमा स्थलगत कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ।

**८. सहकारी संस्थाको वर्गीकरण**: यस कार्यविधि बमोजिम PEARLS तथा MCI विधिबाट कार्य सम्पादन मूल्याङ्कनका सूचक अनुसूची-१ अनुसार सहकारी संस्थाले प्राप्त गरेको अङ्कका आधारमा अनुसूची-२ अनुसार वर्गीकरण गरिनेछ।

**९. कार्यसम्पादन मूल्याङ्कन गरिने सहकारी संस्थालाई पत्राचार गरिने**: गाउँपालिकाले यस कार्यविधि बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरिने सहकारी संस्थालाई मूल्याङ्कन गर्नुपूर्व अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित शाखा मार्फत पत्राचार गरिनेछ ।

## परिच्छेद-५

## सहकारी संस्था र मूल्याङकनकर्ताको भूमिका

**१०. सहकारी संस्थाको भूमिका**: (१) सहकारी संस्थाको देहाय बमोजिमको भूमिका रहनेछः -

(क) मूल्याङ्कनमा खटिएका मूल्याङ्कनकर्तासँग सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापक/प्रवन्धकलाई उपस्थित गराउन सहजीकरण गर्ने,

(ख) मूल्याङ्कनको क्रममा आवश्यक पर्ने कागजात तथा तथ्याङ्क उपलब्ध गराउने,

(ग) कार्यसम्पादन मूल्याङ्कनका सूचक अनुसार मूल्याङ्कन भई प्राप्त भएको नतिजा फारममा सही छाप गर्ने।

**११. मूल्याङ्कनकर्ताको भूमिका**: (१) मूल्याङ्कनकर्ताको देहाय बमोजिमको भूमिका रहनेछः -

क) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापक/प्रवन्धकको उपस्थितिमा कार्यसम्पादन मूल्याङ्कन गर्ने,

ख) सहकारी संस्थाको संख्या अनुसार अलग-अलग प्रतिवेदन पेश गर्ने,

ग) उल्लिखित समितिहरुबाट प्राप्त निर्देशन बमोजिम कार्य गर्ने।

## परिच्छेद-६

## विविध

**१२. प्रतिवेदन दिनुपर्नेः** (१) मूल्याङ्कनकर्ताले मूल्याङ्कनका लागि तोकिएका सहकारी संस्थाको अनुसूची-३ अनुसारको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१३. संशोधन**: गाउँपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

**१४. बाधा अड्काउ फुकाउ**: यस कार्यविधि बमोजिम कार्य सञ्चालनका क्रममा कुनै बाधा उत्पन्न भएमा निर्देशक समितिको सिफारिसमा गाउँपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

## अनुसूची-१

**(दफा ३ र ८ सँग सम्बन्धित)**

## सहकारी संस्थाको कार्यसम्पादन मूल्याङ्कनका सूचक र अङ्कभार

तिस प्रतिशत भन्दा बढी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुका लागि सबै (PEARLS,MCI र सुशासन) सूचक लागु हुनेछन् र तीस प्रतिशत भन्दा कम बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुका लागि PEARLS बाहेकका सूचकहरु लागु हुनेछन् । साथै PEARLS विधिको मूल्याङ्कन नगर्ने सहकारी संस्थाहरुको हकमा पुर्णाङ्क ५५ लाइ शतप्रतिशत मानी मुल्याङ्कन गरिने छ ।

उल्लेखित प्रश्नावली बमोजिमको शर्त कार्यान्वयन गरिएको भए तोकिए अनुसारको नम्बर प्रदान गर्नुहोस ।

**संस्थाको नामः.........................................................................**

**अध्यक्षको नामः..................................................... सम्पर्क नं. ...................................**

**व्यवस्थापकको नामः...............................................सम्पर्क नं. ..........................................**

| क्र. स | विवरण | पुर्णाङ्क | प्राप्ताङ्क | पुष्ट्याइँका आधार |
|---|---|---|---|---|
| १ | **PEARLS(पर्ल्स )** | | | |
| | **PEARLS को हकमा सूचक पुरा भए तोकिए अनुसारको अङ्क प्रदान गर्ने, पुरा नभएको भए शुन्य (0) अङ्क प्रदान गर्ने** | | | |
| **१.१** | **Protection (सुरक्षण) पुर्णाङ्क (९)** | | | |
| **क)** | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था १००% | ३ | | |
| **ख)** | १ महिना देखि १२ महिनासम्म भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था ३५% | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| ग) | १ दिन देखि ३० दिन भन्दा कम भाखा नाघेको ऋणको लागि कोषको व्यवस्था १% | ३ | | |
| १.२ | **Effective financial structure (प्रभावकारी वित्तिय संरचना) पुर्णाङ्क (१५)** | | | |
| क) | कुल सम्पतिमा शुद्ध ऋण लगानी (७०% देखि ८०% ) | ३ | | |
| ख) | कुल सम्पतिमा बचतको अनुपातमा कुल बचत/निक्षेप (७०% देखि ८०%) | ३ | | |
| ग) | कुल सम्पतिको अनुपातमा बाह्य ऋण (५% भन्दा कम) | ३ | | |
| घ) | कुल सम्पतिको अनुपातमा शेयरपुँजी (१०% देखि २०% सम्म) | ३ | | |
| ङ) | कुल सम्पतिमा संस्थागत पुँजीको अनुपात (कम्तिमा १०%) | ३ | | |
| १.३ | **Assets quality (सम्पतिको गुणस्तर) पूर्णाङ्क (६)** | | | |
| क) | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण (५% भन्दा कम) | ३ | | |
| ख) | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात (५% भन्दा कम) | ३ | | |
| १.४ | **Rate of return (आम्दानी र खर्चको प्रतिफल दर) पुर्णाङ्क (६)** | | | |
| क) | औषत सम्पतिमा सञ्चालन खर्चको अनुपात (५% भन्दा कम) | ३ | | |
| ख) | खुद वचत र कुल औषद सम्पतिको अनुपात (१०% भन्दा बढी) | ३ | | |

| | | | | |
|---|---|---|---|---|
| १.४ | **Liquidity (तरलता) पुर्णाङ्क (३)** | | | |
| क) | कुल बचतको अनुपातमा तरलता (१०% देखि १५ प्रतिशत सम्म) | ३ | | |
| १.५ | **Sign of Growth पुर्णाङ्क (३)** | | | |
| क) | कुल सम्पति बृद्धि दर (मुद्रा स्फिति भन्दा बढी ) | ३ | | |
| २ | **MCI (सदस्य केन्द्रीयता सुचांक) पुर्णाङ्क (१८)** | | | |
| २.१ | संस्थापकीय सरोकार (५१ वा सो भन्दा माथि प्रतिशत भन्दा बढी भए ६ अड्क, ३० देखि ५० प्रतिशत सम्म भए ४ अड्क र २० प्रतिशत भन्दा कम भए २ अड्क दिने) | ६ | | |
| २.२ | सञ्चालकीय सक्रियता (५१ वा सो भन्दा माथि प्रतिशत भन्दा बढी भए ६ अड्क, ३० देखि ५० प्रतिशत सम्म भए ४ अड्क र २० प्रतिशत भन्दा कम भए २ अड्क दिने) | ६ | | |
| २.३ | सञ्चालकीय सक्रियता (५१ वा सो भन्दा माथि प्रतिशत भन्दा बढी भए ६ अड्क, ३० देखि ५० प्रतिशत सम्म भए ४ अड्क र २० प्रतिशत भन्दा कम भए २ अड्क दिने) | ६ | | |
| ३ | **सुशासन पुर्णाङ्क (४०)** | | | |
| ३.१ | **बार्षिक साधारण सभा सम्बन्धी जोखिम (२)** | | | |
| क) | वार्षिक साधारण सभा समयमै सम्पन्न भएको छ/छैन? (पौष मसान्त भित्र सम्पन्न भएको भए १ र पौष मसान्त पछि आषाढ मसान्त सम्म भएको भए 0 प्रदान गर्ने) | १ | | |
| ख) | सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन समयमै सम्पन्न भएको छ/छैन ? (समयमै सम्पन्न भएको भए १ र समयमै सम्पन्न नभएको भए 0 | १ | | |

Hyarasiin

| | | | | |
|---|---|---|---|---|
| | प्रदान गर्ने) | | | |
| ३.२ | **वार्षिक लेखापरिक्षण सम्बन्धी जोखिम (१)** | | | |
| क) | संस्थाको वार्षिक लेखापरीक्षण समयमै सम्पन्न गरेको छ/छैन ?(असोज मसान्त भित्र) सम्पन्न भए १ अङ्क र नभए 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.३ | **कोपोमिस प्रणालीमा प्रविष्टि सम्बन्धी जोखिम (२)** | | | |
| क) | कोपोमिस प्रणालीमा समष्टिगत प्रतिवेदन प्रविष्टि गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ख) | कोपोमिस प्रणालीमा विस्तृत प्रतिवेदन प्रविष्टि गरेको छ/छैन ? छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने।वित्तीय एवं मासिक प्रगति प्रतिवेदन सार्वजनिक सम्बन्धी जोखिम (१) | १ | | |
| ३.४ | **वित्तीय एवं मासिक प्रगति प्रतिवेदन सार्वजनिक सम्बन्धी जोखिम (१)** | | | |
| क) | सहकारी संस्थाले आफ्नो वित्तिय एवं मासिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको उ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.५ | **प्रतिवेदन सम्बन्धी जोखिम (२)** | | | |
| क) | सहकारी दर्ता अधिकारीको कार्यालयमा मासिक र चौमासिक प्रतिवेदन तोकिएको समयमा (कोपोमिस प्रणालीबाट वा भौतिक रुपमा पेश गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने अङ्क प्रदान गर्ने) | १ | | |
| ख) | सहकारी दर्ता अधिकारीको कार्यालयमा वार्षिक प्रतिवेदन तोकिएको समय सिमा भित्र पेश गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.६ | **सहकारी संस्थाको आन्तरिक व्यवस्थापन कार्यविधि तयार गरी लागु गर्ने सम्बन्धी जोखिम (३)** | | | |
| क) | (१) बचत (२) ऋण (३) आर्थिक प्रशासन (४) मानव | २ | | |

| | | | | |
|---|---|---|---|---|
| | संशाधन (५) सदस्यता (६) सम्पति शुद्धिकरण निवारण (७) निर्वाचन कार्यविधि (८) वार्षिक साधारण सभा सञ्चालन कार्यविधि गरी कम्तिमा ८ वटा आन्तरिक कार्यविधि तयार गरी साधारण सभाबाट स्वीकृत गरी लागू गरिएको छ/छैन ? (एक वटा कार्यविधिको ०.२५ नम्बरका दरले अङ्क प्रदान गर्ने) | | | |
| **ख)** | २६ नम्बर बुँदा बाहेक आठ वटा भन्दा बढी आन्तरिक कार्यविधि तयार गरी साधारण सभाबाट स्वीकृत गरी लागु गरेको छ? ( ९ वटा देखि १५ सम्म भए ०.५ अङ्क र १५ वटा भन्दा बढि भए १ अङ्क प्रदान गर्ने) | १ | | |
| **३.७** | **बैठक (२)** | | | |
| **क)** | नियमानुसार पैतालिस दिन नकटाई प्रत्येक महिना सञ्चालक समितिको बैठक बस्ने गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| **ख)** | लेखा सुपरीवेक्षण समितिको बैठक नियमानुसार चौमासिक रुपमा बस्ने गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| **३.८** | **ब्याजदर जोखिम (२)** | | | |
| **क)** | सन्दर्भ व्याजदर लागू गरिएको छ/छैन ? (छ भने १ अङ्क र छैन भने ० अङ्क प्रदान गर्ने) | १ | | |
| **ख)** | ऋणमा लाग्ने व्याजलाई मुल ऋइमा पुँजिकृत गरी सोको आधारमा व्याज लगाईएको छ/छैन ? (छैन भने १ अङ्कर छ भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| **३.९** | **अभिलेख ब्यवस्थापन सुरक्षा तथा व्यवसायिक पद्धति जोखिम (2)** | | | |
| **क)** | संस्थामा रहेको महत्वपूर्ण कागजात र सम्पति कस्को जिम्मामा रहने भन्ने जिम्मेवारी परिभाषित भएको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| **ख)** | संस्थाले वार्षिक रुपमा जिन्सी निरिक्षण गरेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| **३.१०** | **आन्तरिक लेखा परिक्षण जोखिम (१)** | | | |

| | | | | |
|---|---|---|---|---|
| क) | लेखा सुपरिवेक्षण समितिले प्रतिवेदन पेश गरेको छ/छैन ? (चौमासि प्रतिवेदन ३ वटा र वार्षिक प्रतिवेदन १ वटा गरी ४ वटा) प्रति प्रतिवेदनको ०.२५ का दरले नम्बर प्रदान गर्ने । | १ | | |
| ३.१ १ | **योजनामा आधारित बजेट तथा खर्च प्रणाली जोखिम (२)** | | | |
| क) | संस्थाको रणनैतिक / व्यवसायिक योजना बनेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ख) | संस्थाको बार्षिक योजना बनेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.१ १ | **सहकारी कानून सम्बन्धि जोखिम (३)** | | | |
| क) | STR, TTR सम्वन्धि प्रतिवेदन नियमित पठाउने गरेको छ ? (दुवै भए १ अङ्क, एक मात्र भए ०.५ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ख) | KYM अध्यावधिक, र कार्यान्वयन अधिकारी तोकिएको)<br>(दुवै भए १ अङ्क, एक मात्र भए ०.५ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ग) | प्रदेश/स्थानिय सहकारी ऐन, २०७६ अनुसार संस्थाको विनियम पुनर्लेखन गरिएको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.१ २ | **कार्यालय व्यवस्थापन सम्बन्धी जोखिम (१)** | | | |
| क) | संस्थाको कार्यालय सदस्यमैत्री रहेको छ/छैन ? (छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ३.१ ३ | **कर्मचारीहरुको क्षमता, व्यवस्थापन जोखिम (३)** | | | |
| क) | सबै कर्मचारीहरुको नियुक्ति पत्र उनीहरुको व्यक्तिगत फाइलमा रहेको छ/छैन ?<br>(छ भने १ अङ्क र छैन भने 0 अङ्क प्रदान गर्ने) | १ | | |
| ख) | सबै कर्मचारीहरुलाई कम्तीमा तोकिए बमोजिम | १ | | |

| | | | | |
|---|---|---|---|---|
| | न्युनतम पारिश्रमिक भुक्तानी गरिएको छ/छैन ? (छ भने १ अड्क र छैन भने अड्क प्रदान गर्ने) | | | |
| ग) | प्रति कर्मचारी शुद्ध ऋण लगानी २ करोड भन्दा माथि छ/छैन ? (छ भने १ अड्क र छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| ३.१४ | **कोष सम्बन्धी जोखिम (3)** | | | |
| क) | सहकारी कानून बमोजिम कोष बाँडफाँड गरिएको छ/छैन ? (छ भने १ अड्क र छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| ख) | योगदान तथा कारोवारको आधारमा संरक्षित पूँजि फिर्ताकोष बाट रकम फिर्ता गरिएको छ/छैन ? (छ भने १ अड्कर छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| ग) | सहकारी शिक्षा कोष सम्वन्धित उद्देश्यमा खर्च गरिएको छ/छैन ? (छ भने १ अड्क र छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| | **कार्यक्षेत्र सम्बन्धी जोखिम (२)** | | | |
| क) | गैर सदस्यसंग कारोवार भएको छ/छैन ? (छैन भने १ अड्कर छ भने अड्क प्रदान गर्ने) | १ | | |
| ख) | कार्यक्षेत्र लिएका सबै वडामा शेयर सदस्य छ/छैन ? (छ भने १ अड्क र छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| | **सदस्य वडापत्र सम्बन्धी जोखिम (१)** | | | |
| क) | संस्थाले सदस्य वडापत्र बनाई सदस्यले देख्ने गरी कार्यालयमा राखिएको छ/छैन ? | १ | | |
| | **प्रतिनिधित्व सम्बन्धी जोखिम (१)** | | | |
| क) | सञ्चालक समितिमा कम्तीमा एक पदाधिकारी सहित तेत्तिस प्रतिशत महिलावती सहभागिता रहेको छ/छैन ? (छ भने १ अडक र छैन भने 0 अड्क प्रदान गर्ने) | १ | | |
| | **गुनासो सुनुवाई सम्बन्धी जोखिम (१)** | | | |
| क) | गुनासो सुनुवाई सम्बन्धी संयन्त्र र गुनासोको व्यवस्थापन गरिएको छ/छैन ? (दुवै छ भने १ अड्क | १ | | |

| | | | | |
|---|---|---|---|---|
| | कुनै एक भए ०.५ अङ्क र छैन भने प्रदान गर्ने) | | | |
| | **स्वरोजगारी सम्बन्धी जोखिम (५)** | | | |
| **क)** | शेयर सदस्य मध्ये पाँच प्रतिशत भन्दा बढि सदस्यहरुलाई स्वरोजगारी प्रदान गरेको भए ५ नम्बर दुई देखि माथि पाँच प्रतिशत सम्म भए ३ नम्बर र दुई प्रतिशत भन्दा कम भए १ नम्बर प्रदान गर्ने। | ५ | | |
| कुल जम्मा | | १०० | | |

**१) सहकारी संस्थाको तर्फबाटः**

व्यवस्थापकको नामः

सहकारी संस्थाको छापः

दस्तखतः

मितिः

अध्यक्षको नामः

दस्तखतः

मितिः

संस्थाको छाप

**२) मूल्याङ्कन कर्ताको तर्फबाटः**

मूल्याङ्कन कर्ताको नामः

पदः

कार्यालयः

मितिः

दस्तखतः

## अनुसूची-२

## (दफा ८ सँग सम्बन्धित)

## खण्ड (क) सहकारी संस्थाहरुको वर्गीकरण

कार्यसम्पादन मूल्याङ्कनको सूचक अनुसार सहकारी संस्थाहरुले प्राप्त गरेको अङ्कका आधारमा सहकारी संस्थाहरुलाई देहाय बमोजिम वर्गीकरण गरिने छ।

**वर्गीकरण**

| क्र. सं. | वर्ग | अङ्क | कैफियत |
|---|---|---|---|
| १ | अनिश्चित | ३० भन्दा कम | |
| २ | साधारण | ३० देखी ४४ सम्म | |
| ३ | मध्यम | ४५ देखी ५९ सम्म | |
| ४ | उत्तम | ६० देखी ७४ सम्म | |
| ५ | अत्युत्तम | ७५ भन्दा माथि | |

## खण्ड (ख) प्राप्त अडकको अवस्था र मुल्याङ्कनकर्ताको सुझावः

२०८२।१२।११

अनुसूची-३

(दफा ९ सँग सम्बन्धित)

**कार्य सम्पादन मूल्याङ्कन गर्न मूल्याङ्कनकर्ता खटाउँदा सहकारी संस्थाहरुलाई पत्राचार गर्ने पत्रको ढाँचा**

श्री.............................................................................................सहकारी संस्था लि.।

प्रस्तुत बिषयमा आ.व.................को लागि ऐरावती गाउँपालिका गाउँकार्यपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिकाको नियमन क्षेत्राधिकार भित्र रहेको प्युठान जिल्ला ऐरावती गाउँपालिका वडा नं.............मा रहेको............................................................................... ..सहकारी संस्था मा आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा दैनिक कार्य सम्पादन गरेको गतिविधि PEARLS तथा MCI विधिबाट सहकारी संस्थाको कार्य सम्पादन मूल्याकंन गर्न थालिएकोले मूल्याङ्कनमा खटिने मूल्याङ्कनकर्ता श्री.......................................................................................... लाई सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापक/प्रवन्धकको सहभागितामा हुने मूल्याङ्कनका लागि आवश्यक पर्ने कागजात तथा तथ्याङ्क उपलब्ध गराई कार्य सम्पादन मूल्याङ्कनमा सहयोग गर्नुहुन अनुरोध छ।

.........................................

प्रमुख प्रशासकीय अधिकृत